# शाखा अधिकृत तेश्रो पत्र नमूना प्रश्न सेट–२१ को समाधान

**लोकसेवा आयोग**

**राजपत्राकित तृतीय श्रेणी, अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित नमूना परीक्षा**

**विषय: समसामयिक विषय** — **सेट–२१** — **पूर्णाङ्क: १००**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ४०**

**निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

**Section-A** **(30 Marks)**

1. नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका लागि के कस्ता व्यवस्थाहरू गरिएको छ ? फाइनान्सियल एक्सन टास्कफोर्स (FATF ) को मुल्याङ्कन बमोजिम मुलुक *'ग्रे लिस्ट'* मा पर्ने सम्भावना समेत रहेको सन्दर्भमा आगामी दिनमा के कस्ता उपायहरु उलवम्बन मार्फत सम्पत्ति शुद्धीकरण निवारण गर्नुपर्ला ? विश्लेष्ण गर्नुहोस्। (१०)
2. नेपालमा वसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन कसरी गर्न सकिन्छ ? यसमा तहगत सरकारको भूमिका समेत उल्लेख गर्नुहोस्। (५+५)
3. सामाजिक द्वन्द्वको अवधारणा उल्लेख गर्नुहोस्। सामाजिक द्वन्द्वका प्रमुख कारणहरू तथा यि कारणलाई संवोधन गर्ने उपायवारे आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। (२+४+४)

**Section-B** **(20 Marks)**

4. नेपालमा वैदेशिक सहायताको महत्व, यसमा रहेका समस्या र समाधानका उपायहरु उल्लेख गर्दै मुलुकमा वैदेशिक सहायता माथिको परनिर्भरता हटाउन के गर्नुपर्दछ ? आफ्नो धारणा राख्नुहोस्। (३+३+४)
5. नेपालमा वैदेशिक लगानीमा रहेका वाधाहरू पहिचान गरी ती वाधाहरू हटाउन मुलुकको आर्थिक कुटनीतिलाई कसरी परिचालन गर्नु पर्ला ? सुझाव दिनुहोस्। (५+५)

**Section-C** **(30 Marks)**

6. नेपालले दीगो विकास लक्ष्य (SDGs) प्राप्तिको लागि गरेका प्रयासहरु उल्लेख गर्दै दिगो विकासको लक्ष्य प्राप्तिमा देखिएका समस्या तथा चुनौती र आगामी दिनमा चाल्नुपर्ने कदमहरु उल्लेख गर्नुहोस्। (३+३+४)
7. विकासमा सुचना तथा संचार प्रविधिको भूमिका उल्लेख गर्नुहोस्। विकास व्यवस्थापनमा राज्य राज्य वाहेकका क्षेत्रको भुमिकालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? छलफल गर्नुहोस्। (१०)
8. विश्वव्यापीकरण भन्नाले के बुझिन्छ ? नेपाल जस्तो विकासोन्मुख मुलुकको आर्थिक विकासमा विश्वव्यापीकरणको भुमिका उल्लेख गर्दै नेपालले यसवाट लाभ लिन कस्ता कदम चाल्नुपर्ला विश्लेषणात्मक धारणा राख्नुहोस्। (२+४+४)

**Section-D** **(20 Marks)**

9. विपद् व्यवस्थापनको अर्थ वताउदै नेपालमा विपद् व्यवस्थापनका लागि गरिएका व्यवस्थाहरू र यस सम्बन्धमा देखिएका समस्याहरु उल्लेख गर्नुहोस्। (१०)
10. जलवायु परिवर्तनको क्षेत्रमा कोप-२८ का उपलब्धिहरू उल्लेख गर्दै नेपालले कार्वन उत्सर्जन कम गर्न र जलवायु अनुकूलनका लागि अपनाउन सक्ने उपायहरूको चर्चा गर्नुहोस्। (१०)

**सफलताको शुभकामना**

# शाखा अधिकृत तेश्रो पत्र नमूना प्रश्न सेट–२१ को समाधान

**१. नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका लागि के कस्ता व्यवस्थाहरु गरिएको छ ? फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को मुल्याङ्कन बमोजिम मुलुक 'ग्रे लिस्ट' मा पर्ने सम्भावना समेत रहेको सन्दर्भमा आगामी दिनमा के कस्ता उपायहरु उलवम्बन मार्फत सम्पत्ति शुद्धीकरण निवारण गर्नुपर्ला ? विश्लेष्ण गर्नुहोस् ।** (१०)

**विषय प्रवेश**

गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्तिलाई वैद्य बनाउने कार्य वा प्रक्रिया सम्पति सुद्धिकरण हो । नेपालमा नेपालमा सम्पत्ति शुद्धीकरण निवारणका लागि नीतिगत, संस्थागत तथा कार्यगत प्रयासहरु गरिएको छ यद्धपि फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को पछिल्लो मुल्याङ्कन प्रतिवेदन सार्वजनिक हुनै लाग्दा मुलुक 'ग्रे लिस्ट' मा पर्ने जोखिम कायमै रहेको छ।

**सम्पत्ति शुद्धीकरण निवारणका लागि गरिएका व्यवस्थाहरु**

**क) नीतिगत तथा कानूनी व्यवस्था**

- **नेपालको संविधानमा**
  - कानूनी राज्य, दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षालाई अत्मसाथ,
  - साथै राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति,
  - न्याय र दण्ड जरिवाना सम्बन्धि नीतिको व्यवस्था गरिएको,
- **सम्पत्ति शुद्धीकरण निवारण ऐन,** २०६४ **नियमावली,** २०७३ मा सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी गर्न निरुत्साहित गरिएको । ,
- सम्पत्ति शुध्दीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी राष्ट्रिय **रणनीति तथा कार्ययोजना** २०७६-२०८१ ( **२०८०-८५ को मस्यौदाको चरणमा रहेको ।**)
- संगठित अपराध ऐन २०७० मा अपराधको परिभाषाको दायरालाई फराकीलो बनाइएको ।
- सम्पत्ति शुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९
- कसुरजन्य सम्पति तथा साधन रोक्का नियन्त्रण र जफत ऐन-२०७०
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४
- अन्य विषयगत कानूनहरु ।

**ख) सस्थागत व्यवस्था**

संस्थागत संरचना तर्फ नियमनकारी ११, अनुसन्धानकारी १४ सहित ३० भन्दा बढी सरकारी निकायहरु र ठूलो संख्यामा सूचक संस्थाहरु प्रत्यक्ष रुपमा कार्यरत छन्।

- राष्ट्रिय समन्वय समिति, कार्यान्वयन समिति र अन्य अन्य प्राविधिक उपसमितीहरु।
- सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, अख्तियार दुरुपयोग, अनुसन्धान आयोग, नेपाल प्रहरी लगायतका **कानून कार्यन्वयन गर्ने** निकायहरु ।
- अर्थ मन्त्रालय, गृह मन्त्रालय, नेपाल राष्ट्र बैकको वित्तिय जानकारी ईकाई (FIU) सहकारी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख बिभाग लगायतका **नियमनकारी** निकायहरु ।
- बैंक तथा वित्तीय संस्थाहरु र अन्य सरकारी तथा गैरसरकारी निकाय लगायतका **सूचक संस्थाहरु** ।

**ख) अन्य व्यवस्था**

- वित्तीय कारवाही कार्यदर (Financial Action Task Force- FATF): सम्पत्ति शुद्धिकरण निवारण र आतंकवादी क्रियाकलापमा वित्तीय लागनी नियन्त्रणका मापदण्ड लागु गरेको ।
- एसिया प्रसान्त क्षेत्र समुह (Asia Pacific Group- APG-: FATF) ले पारित गरेका सिफारिस हरुको कार्यान्वयन गराउन सहयोग पुऱ्याएको । नेपाल सन् २००२ मा यसको सदस्य बनेको ।
- एग्मण्ट समुह (Egmont Group): सम्पत्ति शुद्धिकरण निवारण र आतंकवादी क्रियाकलापमा वित्तीय लगनी नियन्त्रणको लागि सूचनाको संकला, विश्लेषण, अन्तरदेशिय संप्रेषण र वित्तीय जानकारी इकाई विच सहयोगको आदानप्रदान गर्दछ। नेपाल सन् २०१५ मासदस्य बनेको ।
- एसेट्स् रिकभरी इन्टरएजेन्सी नेटवर्क-एसिया प्यासिफिक (ARIN–AP) : २०१७ मा सदस्याता लिएको ।

**सम्पत्ति शुद्धीकरण निवारणका लागि चाल्नुपर्ने कदमहरु**

फाइनान्सियल एक्सन टास्कफोर्स (FATF) को मुल्याङ्कन बमोजिम मुलुक 'ग्रे लिस्ट' मा पर्ने सम्भावना समेत रहेको सन्दर्भमा आगामी दिनमा सम्पत्ति शुद्धीकरण निवारणका लागि निम्न कदमहरु चाल्नुपर्ने देखिन्छ।

- संसोधनको क्रममा रहेका (१९ बढी) कानूनको यथाशिघ्र संसोधन प्रकृया सम्पन्न गरि कार्यान्वयनमा लैजाने ।
- राष्ट्रिय समन्वय समिति, कार्यान्वियन समिति, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, नेपाल राष्ट्रवैकको FIU लगायतका संरचनाको दक्षता अभिवृद्धि गर्ने ।
- रणनैतिक रुपमा सम्पत्ति शुद्धिकरणका सवै चरण (Collection money from crime, Placement, Lyaring तथा Integration)मा हस्तक्षेप गर्ने ।
- प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक रणनीतिहरु अवलम्बन गर्ने ।
- अर्थतन्त्रका सवै क्षेत्रलाई पारदर्शि र यथार्तपरक बनाउने ।
- नगद कारोवारलाई निरुत्साहित गर्दै डिजिटल कारोबारमा जोड दिने ।
- वैक तथा वीत्तीय संस्थामा ग्राहक पहिचान (KYC) कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- सम्पत्ति शुद्धिकरण सम्वन्धी गतिविधि अनुसन्धान गर्न सूचना तथा संचार प्रविधिको प्रयोग गर्ने ।
- अन्तराष्ट्रिय तथा राष्ट्रिय समन्वय तथा सभ्केदारी गर्ने ।
- समाजमा शिक्षा तथा सचतनाको विकास मार्फत विना परिश्रमिक आर्थित धनलाई घृणा गर्ने संस्कारको विकास गर्ने ।

**निष्कर्ष :**

कालो धनलाई सेतो बनाउने कार्य सम्पत्ति सुद्धिकरण हो । यो संगठीत अपराध समेत हो । सम्पत्ति शद्धिकरण निवारणको लागि उल्लेखित सुझाव तथा व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन मार्फत ग्रे लिस्टमा पर्ने जोखिम अन्त्य गर्दै सम्पति शुद्धिकरणमुक्त समाज तथा राष्ट्र निर्माण गर्न आवश्यक देखिन्छ ।

२. नेपालमा बसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन कसरी गर्न सकिन्छ? यसमा तहगत सरकारको भूमिका समेत उल्लेख गर्नुहोस् । (५+५)

## प्रभावकरी जनसंख्या व्यवस्थापन तथा वसाइसराई मार्फत आधुनिक दिगो शहरीकरण

### विषय प्रवेश

जनसंख्या व्यवस्थापन, बसाईसराई तथा सहरीकरणको प्रभावकारी व्यवस्थापनवाट आर्थिक सामाजिक रुपान्तरण तथा नागरिकलाइ वढी उत्पादनशिल बनाउन सहयोग पुग्दछ । नेपालमा संविधान, आवधिक योजनाहरु, सरकारका नीति तथा कार्यक्रम मार्फत व्यवस्थित वसाईसराई, शहरिकरण तथा बसाईसराईमा जोड दिएको छ । यद्पि अपेक्षाकृत रुपमा प्रभावकरीता हाँसिल हुन सकेको छैन ।

### वसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन गर्ने तरिका

- वसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन सम्बन्धी नीति, कानू तथा मापदण्ड तर्जुमा गरि कार्यानवयन गर्ने ।
- स्वास्थ्य, शिक्षा, रोजगारी र खानेपानी जस्ता आधुनिक सुविधा सहितको एकीकृत बस्ती विकास गर्ने ।
- तहगत सरकार, गैरसरकारी क्षेत्र एवम् नीजि क्षेत्रविच समन्वय कायम गर्ने ।
- संघीय शासन प्रणाली सवलीकरण तथा राजनीतिक, प्रशासनिक, आर्थिक, विकेन्द्रीकरण गर्ने ।
- एकीकृत पूर्वाधार विकास गर्ने जस्तै: फोहोरमैला, एम्बुलेन्स, अस्पताल तथा ।
- सर्वसाधारणमा चेतनाको विकास गर्ने ।

### बसाईसराइलाइ व्यवस्थित गर्न

- स्वदेशबाट बिदेश र विदेशबाट स्वदेशमा आई बसोवास गर्नेहरूको समुचित व्यवस्थापन गर्ने ।
- वसाईसराईका Pull र push Factors मा सुधार गर्ने ।
- नियन्त्रित वसाइसराइको सम्भाव्यता अध्यान गरि सान्दर्भिकताका आधारमा लागु गर्ने ।

### सहरीकरणलाइ व्यवस्थित गर्न

- सहरी विकास योजना, भूउपयोग योजना निर्माण र कार्यान्वयन गर्ने,
- सढक मापदण्ड, भवन मापदण्ड, वसोवास मापदण्ड निर्धारण र कार्यान्वयन गर्ने,
- ग्रामिण र शहरी अन्तरसम्बन्धको विकास गर्ने, गाउँ क्षेत्रमा आधारभूत सुविधाको विकास गर्ने,
- दिगो र हरित शहर तथा साझा सहरको विकास गर्ने,

**जनसंख्या व्यवस्थापन व्यवस्थित गर्ने**

- प्रभावकारी जनसंख्या व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने।
- प्रत्यक्ष उपाय र अपतक्ष उपयाहरु अवलम्बन् गर्ने । जस्तै : परिवार नियोजन, महिला शिक्षा तथा सशक्तिकरण
- जनसांख्यिक लाभांसको सदुपयोग गर्ने।

**तहगत सरकारको भूमिका**

**संघीय सरकारको भूमिका**

- वसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा गर्ने
- अन्तराष्ट्र्य स्तरमा प्रतिनिधित्व गर्ने र प्रतिवद्दता एवम् सझौता लागु गर्ने।
- प्रदेश र स्थानीय तहको क्षमता विकास गर्ने।
- प्रदेश र स्थानीय तहलाइ वित्त हस्तान्तरण गर्ने।
- एकीकएत सूचना प्रणालीको विकास गर्ने।

**प्रदेश सरकारको भूमिका**

- संघीय नीति, कानून तथा मापदण्ड बमोजिम प्रदेशिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरि लागु गर्ने।
- संघ र स्थानीय तहसंग समन्वय कायम गर्ने।
- स्तानीय तहको क्षमता विकास तथा वित्तको हस्तान्तरण गर्ने।
- समय समयमा प्रतिवेदन गर्ने।

**स्थानीय सरकारको भूमिका**

- संघीय तथा प्रादेशिक नीति, कानून तथा मापदण्ड बमोजिम स्थानीय नीति, योजना तथा कार्यक्रम तर्जुमा गरि लागु गर्ने।
- सर्वसाधारणमा शिक्षा तथा चेतना विकास गर्ने।
- व्याक्तिगत घटना दर्ता, फोहोरमैला व्यवस्थापन, लगायतका कार्यहरु गर्ने।
- समय समयमा प्रतिवेदन गर्ने।

**निष्कर्ष**

नेपालमा वसाईसराई, सहरीकरण तथा जनसंख्या व्यवस्थापन गर्न तहगत सरकारको स्पस्ट भूमिका कटान गर्दै समन्वायात्मक रुपले कार्य गरेमा प्रभावकरी जनसंख्या व्यवस्थापन तथा वसाइसराई मार्फत आधुनिक दिगो शहरीकरणमा योगदान पुग्ने देखिन्छ।

Deba Raj Luitel

**३.सामाजिक द्वन्द्वको अवधारणा उल्लेख गर्नुहोस् । सामाजिक द्वन्द्वका प्रमुख कारणहरू तथा यि कारणलाई संबोधन गर्ने उपायबारे आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।** (२+४+४)

**सामाजिक द्वन्द्वको अवधारणा**

सामाजमा क्रियाशिल मानिसहरुबीच सिर्जित द्वेष, झगडा, मनोमालिन्य नै सामाजिक द्वन्द्व हो । विवाद पछि द्वन्द सिर्जना हुन्छ । सामाजिक द्वन्द्वको निम्न तीन अवधारणहरु रहेका छन् ।

**१. परम्परागत अवधारणा**

- यस अवधारणा अनुसार द्वन्द्व खराब हो र परिणाम नकारात्मक हुन्छ ।
- यो अवधारणाले १९३० सम्म मान्यता पायो ।

**२. मानव सम्बन्धी अवधारणा**

- द्वन्द्व स्वभाविक र सिर्जनात्मक हुन्छ ।
- यस अवधारणाले १९३० देखि १९७० सम्म मान्यता पायो ।

**३. अन्तक्रियात्मक अवधारणा**

- समाजको गतिशिलताको लागि द्वन्द्व आवश्यक छ निश्चित हदसम्म यसलाई प्रोत्साहन गरिनु पर्दछ ।
- यस अवधारणाले १९७० पछि मान्यता पायो ।

**सामाजिक विवाद तथा द्वन्द्वका कारण**

क) सामाजिक कारणः सामाजिक असमानता, विभेद, धिचोमिचो, शोषण, हिंसा ।

ख) आर्थिक कारणः आर्थिक स्रोत साधनको असमान वितरण ।

ग) मनोवैज्ञानीक कारण : व्यक्तिगत सोचाइको महत्वकांक्षा उदेश्यको भिन्नता ।

घ) राजनीतिक कारण : फरक राजनीतिक विचार धारा ।

**ङ) अन्य कारणः**

- गुनासो व्यवस्थापनको नहुनु,
- अप्रभावकारी सञ्चार प्रणालीका साथै,
- विविधता व्यवस्थापन नहुनु,
- वर्ग संघर्ष,
- धर्म, संस्कृति, रहन सहनलाई मान्यता नदिनु
- अल्पसंख्यकको आस्था दवाउन खोज्नु वा वेवास्ता गर्नु,
- धार्मिक अतिवाद ,
- विकास निर्माणका कार्यहरूमा योगदान तथा श्रमदान नगर्नु लगायत पर्दछन् ।

Deba Raj Luitel

**कारणलाई संवोधनका उपायहरु**

**क) प्रवर्द्धनात्मक तरिका**

- सामाजिक चेतनाको अभिवृद्धि गर्ने,
- सामाजिक अर्न्तक्रियात्मक संवाद गर्ने,
- सामाजिक परिवर्तनका कार्यक्रम संचालन गर्ने ,
- विविधताको संवोधन गर्ने ।

**ख) उपचारात्मक तरिका**

- विवाद र द्वन्द्वको अवस्था आँकलन गर्ने,
- लेखा जोखा एवं संचार गर्ने,
- विवाद वा द्वन्द्वलाई संवोधन तथा हस्क्षेप गर्ने,
- Competing, Collaborating, Accommodating, Avoiding, Compromising जस्ता रणनीतिश शैलीको प्रयोग गर्ने

**ग) अन्य उपाय**

- कानूनको शासन कायम गर्ने,
- सामाजिक धारणा सर्वेक्षण गर्ने ।

**उल्लेखित उपायबारे मेरो धारणा**

सामाजिक द्वन्द्वका कारणलाई प्रवर्द्धनात्मक, उपचारात्मक संस्थागत क्षमता अभिवृद्धि मार्फत संवोधन गर्न सकिन्छ । यसका लागि सरकार तथा सरकार वाहेकका क्षेत्रको सक्रिय तथा रचनात्मक भुमिका आवश्य पर्दछ । विवाद र द्वन्द्वको अवस्था आँकलन गर्ने, संचार गर्ने, विवाद वा द्वन्द्वलाई संवोधन तथा हस्क्षेप सार्थै Competing, Collaborating, Accommodating, Avoiding, Compromising जस्ता रणनीतिक शैलीको प्रयोग मार्फत द्वन्द्व लाई संवोधन गर्नु पर्दछ।

**निष्कर्ष**

समाजका मानिसहरूमा शक्ति, पहुँच, अधिकार, स्रोतसाधन (PARO)को वितरणमा असमानताको कारण पैदा हुने असन्तुष्टि, वादविवाद, चर्का चर्की, कलहको अवस्था सामाजिक द्वन्द्व हो । सामाजिक द्वन्द्वले समाज रुपान्तरणमा सघाउ पुऱ्याउन सक्छ तर यसको उचित व्यवस्थापन भएन भने समाज विखण्डनको खतरा पनि रहन्छ । यसर्थ, उल्लेखित उपायको अवलम्वन गरेर द्वन्द व्यवस्थापन गदै समाजलाई सिर्जनशिलता तर्फ अगाडी वढाउनु आवश्यक देखिन्छ ।

४. नेपालमा वैदेशिक सहायताको महत्व, यसमा रहेका समस्या र समाधानका उपायहरु उल्लेख गर्दै मुलुकमा वैदेशिक सहायता माथिको परनिर्भरता हटाउन के गर्नुपर्दछ ? आफ्नो धारणा राख्नुहोस् । (३+३+४)

***"Foreign aid is necessary but not compulsory for Nepal"***

**वैदेशिक सहायता**

सरकारलाई द्विपक्षीय, बहुक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय, प्राविधिक एवम् बस्तुगत सहायता **वैदेशिक सहायता** हो । यसले एक देशबाट अर्को देशमा आर्थिक, प्राविधिक र मानवीय रूपमा गर्ने सहयोगलाई जनाउँदछ ।

**नेपालमा वैदेशिक सहायताको महत्व**

नेपालले अतिकम विकसित राष्ट्रवाट विकासशिल राष्ट्रमा स्तरोनती गर्न, दिगो विकासको लक्ष्य प्राप्ति गर्न तथा समृद्द राष्ट्र निर्माण गर्न वैदेशिक सहायताको महत्व रहन्छ । यसलाइ निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- Resource Gap कम गर्न,
- विदेशी पुँजी, प्रविधी र सीपको आयात गर्न,
- व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गर्न,
- आन्तरिक स्रोत साधनको उच्चतम उपयोग गर्न,
- मुलुकको औधोगिक विकासलाई गतिशिल वनाउन
- वेरोजगारी तथा गरिवी समस्या समाधान गर्न ।

**नेपालमा वैदेशिक सहायता परिचालनका समस्या**

- वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा वजेटरी प्रणाली मार्फत परिचालन गर्न नसक्नु ।
- सहायता प्राक्षि तथा परिचालनमा पेरिस, आक्रा, वुसान, मेक्सिको घोषणपत्रको कार्यान्वयन नभएको,
- आर्थिक कुटनीति प्रभावकारी नभएको, प्रयाप्त तयारीको कारण कमजोर वार्गेनिङ् क्षमता रहनु ।
- आयोजना, कार्यक्रमका लागि सम्झौता हुनु पूर्व पर्याप्त तयारी नभएको,
- दाता राष्ट्रबाट वस्तु तथा सेवा लिनुपर्ने बाध्यता रहनु । जस्तै : दाताका जटिल सर्तहरू र कार्य प्रणाली
- अनुदान भन्दा ऋणको मात्रा वढी हूँदा मुलुक Debt Trapp मा पर्ने सम्भावना हुनु ।
- सहायता परिचालनमा संस्थागत क्षमताको कमी रहेको ।
- सहायता व्यवस्थापन सूचना प्रणाली पुभावकारी नभएको ।
- Poor Absorption Capasity, Aid Vaporization हुनु ।
- उत्तरदायित्व र पारदर्शिताको अभाव देखिनु ।
- Project को जग्गा अधिग्रहण मुवाब्जा वितरणमा वढी समय लाग्नु ।

अंक अनुसार कम लेख्ने

- लेखाङ्कन तथा प्रतिवेदन प्रणाली कमजोर हुदा ठूलो रकम सोधभर्ना बाकी रहेको ।
- Deependenvy syndrome बढेको,
- वैदेशिक सहायताको Exit Policy निर्माण नभएको ।

**समाधानका उपायहरु**

- ...............

**वैदेशिक सहायता माथिको निर्भरता हटाउने उपाय**

नेपालले वर्तमानमा संवैधानिक मार्गदर्शन बमोजिम राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा वैदेशिक सहायताको प्रभावकारी परिचालन गर्दै दिर्घकालमा वैदेशिक सहायतको परनिर्भरता हटाउन निम्न उपयाहरु उवलम्बन गर्नु पर्दछ ।

- लगानीमैत्री वातावरण बनाएर प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्ने,
- कर प्रणालीमा सुधार एवं प्रगतिशील कर प्रणाली लागु गर्ने
- निजी क्षेत्रको पूँजी र प्रविधि परिचालनमा गर्ने ।
- तलुनात्मक लाभजन्य तथा प्रतिस्प्रधि क्षेत्रको विकास र विस्तार गर्ने जस्तै : पर्यटन, कृषि, उद्योग ।
- विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने ।
- गैरआवाशीय नेपालीको पूँजी, प्रविधि र सीपको लगानीलाई प्रोत्साहन गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा रहेका स्रोतको परिचालन गर्ने ।

**निष्कर्ष**

Resource Gap पुरा गर्ने महत्वपूर्ण स्रोत तथा औजार वैदेशि सहायता हो । नेपालमा यसको प्रभावकारीता विश्लेषण मार्फत आवश्यता एवं सान्दर्भिकताको आधारमा वैदेशिक सहायताको परिचालन गदै परनिर्भरता घटाउन Exit Policy निर्माण गरि कार्याव्यिन गर्नु आवश्यक देखिन्छ ।



**५. नेपालमा वैदेशिक लगानीमा रहेका वाधाहरू पहिचान गरी ती बाधाहरू हटाउन मुलुकको आर्थिक कुटनीतिलाई कसरी परिचालन गर्नु पर्ला ? सुझाव दिनुहोस्।** (५+५)

**विषय प्रवेश**

कुनै एक राष्ट्रबाट अर्को राष्ट्रमा पुँजि, प्रविधि तथा अन्य क्षेत्रमा गरिने लगानी वैदेशिक लागनी हो । यो पोर्टफोलियो र प्रत्यक्ष गरी दुई किसिमको हुन्छ। नेपालमा वेदेशिक लगानी आकर्षित गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास गरिएता पनि लगानीमैत्रि वातारण निर्माण नुहुनु, मुनाफा फिर्ता लैजान कठिनाइ हुनु लगायतका समस्या एवम् वाकाधा कारण अपेक्षाकृत रुपमा वैदेशिक लगानी भित्राउन सकिएको छैन ।

**नेपालमा वैदेशिक लगानीमा रहेका बाधाहरुको पहिचान**

नेपालमा वैदेशिक लगानी भित्राउन रहेका मुख्य वाधामा लगानीका थप क्षेत्र पहिचान तथा प्राथमिकिकरण गर्न नसक्नु तथा लगानीको वातावण निर्माण नहुनु हो। यसका थप समस्या तथा वाधाहरु निम्नानुसार रहेका छन् ।

- वैदेशिक लगानी सम्बन्धी कानूनको सममामयिक परिमार्जन र पालना नभएको ।
- हेजिङ नियमावली बमोजिम हेजिङ कोषको व्यवस्थापन नभएको ।
- असल राजनीतिक संस्कारको कमी रहेको साथै शासकीय स्थायित्व नभएको ।
- विकासको राजनीति हैन विकासमा राजनीति गर्ने संकीर्ण राष्ट्रवादको प्रवृत्ति कायम रहेको ।
- औधोगिक पूर्वाधारको विकास नभएको (सडकको गुणस्तरीयतामा नेपाल विश्वको ११७ औ देशमा पर्ने)
- भौगोलिक विकटताको कारण विद्यूत, इन्टरनेट लगाउतका पूर्वाधार निर्माणमा समस्या रहेको ।
- बैङ्किङ पँहुचमा कमी, वित्तीयप्रणालीको दिगोपनामा अभाव ।
- प्रतिफललाइ डलरमा लैजानुपर्ने तर नीतिगत र प्रक्रियागत अवरोधहरु रहेका ।
- तुलनात्मक रुपमा सानो आन्तरिक बजार रहेको ।
- झन्झटिलो र लामो लगानी प्रस्ताव स्विकृतिको प्रक्रियाले विदेशी लगानीकर्ता कम आकर्षित भएका,
- उद्योगी र श्रमिक विच असहज श्रम सम्बन्ध कायमै रहेको ।
- लगानी मैत्री बातावरणको कमी (Doing Business Report, २०२० मा ९४ औ स्थानमा परेको)।
- उद्योग र लगानी सम्बन्धी अन्तर निकायगत र नीतिगत समन्वय हुन नसकेको,
- एकलविन्दु सेवा कार्यालयले प्रभावकारी रुपमा सेवा दिन नसकेको
- जग्गाप्राप्तिमा कठिनाइ हुनु ।
- लगानीको सम्भावना वढी भएका मुलुकसँग द्विपक्षीय लगानी संरक्षण सम्झौता हुन नसकेको ।
- आर्थिक कुटनीति प्रभावकरी रुपमा परिचालन नभएको ।
- गैर आवासीय नेपालीको कमजोर भूमिका रहनु ।
- Intellectual property regulation सम्पन्धी फितलो कानुनका कारण विवाद र मुद्धाहरु धेरै भई लगानीकर्ताहरु हैरान बनेको ।


**वैदेशिक लगानीमा रहेका बाधाहरु हटाउन आर्थिक कुटनीति परिचालन गर्ने तरिका**

आर्थिक कुटनीति सञ्चालन गर्ने जिम्मेवार निकाय स्पस्ट किटान नीतिगत स्थिरता, निरन्तरता र दिगोपना कायम गरि राष्ट्र्य आवश्यकता र  प्राथमिकता पहिचान गर्दै प्रतक्ष वैदेहिक लगानी आकर्षित गर्नु पर्दछ । यसका उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

– वैदेशिक लगानी सम्बन्धी कानूनको सममामयिक परिमार्जन र पालना गर्ने ।
– हेजिङ नियमावली, २०७९ बमोजिम हेजिङ कोषको सिर्जना  तथा व्यवस्थापन गर्ने ।
– सढक लगायत औधोगिक पूर्वाधारको विकास गर्ने
– भौगोलिक विकटतालाई ख्याल गर्दै विद्यूत, इन्टरनेट लगायतका पूर्वाधार निर्माण गर्ने  ।
– बैङ्किङ पँहुच तथा वित्तीयप्रणालीको दिगोपना कायम गर्ने ।
– प्रतिफललाइ लैजान नीतिगत र प्रक्रियागत अवरोधहरु हजाउन तथा सहजीकरण गर्ने ।
– लगानी प्रस्ताव स्विकृितिको प्रक्रियालाई सरलीकरण गर्ने ।
– उद्योग र लगानी सम्बन्धी अन्तर निकायगत र नीतिगत समन्वय कायम गर्नेहुन नसकेको,
– एकलविन्दु सेवा कार्यालयले प्रभावकारी वढाउने ।
– लगानीको सम्भावना वढी भएका मुलुकसँग द्धिपक्षीय लगानी संरक्षण सम्झौता गर्ने ।

**निष्कर्ष**

नेपालमा प्रयाप्त स्रोतका कमी रहेको सन्दर्भमा मुलुकको समृद्धिको लागि प्रतक्ष वैदेशिक लगानी अत्यावश्य हुन्छा राजनैतीक स्थिरता कायम भई समृद्धिमा अगाडी बढने गन्तव्य तय गरिसकेको नेपलमा प्रतक्ष वैदेशिक लगानी भित्राउन देखिएका वाधाहरु तत्काल हटाउनु पर्दछ । यसर्थ, विदेशि लगानी आकर्षित गर्ने र टिकाइराख्ने लगानीमैत्री वातावरण बनाउनु आजको आवश्यकता र वाध्यता दुवै हो ।



६. **नेपालले दीगो विकास लक्ष्य (SDGs) प्राप्तिको लागि गरेका प्रयासहरु उल्लेख गर्दै दिगो विकासको लक्ष्य प्राप्तिमा देखिएका समस्या तथा चुनौती र आगामी दिनमा चाल्नुपर्ने कदमहरु उल्लेख गर्नुहोस् ।** (३+३+४)

*"Balancing between Environment and Development"*

**विषय प्रवेश**

सन् २०३० सम्ममा हाँसिल गर्ने गरि *UNO* महासभाले सन् २०१५ को सेप्टेम्बरमा Leave no one behind (LNOB) को मुल मर्म सहित घोषणा गरेका १७ लक्ष्यहरु दिगो विकासका लक्ष्य हुन् । जसमध्ये १६ वटा लक्ष्य नेपालसँग सम्बन्धित रहेका छन्। नेपालले दगो विकासको लक्ष्य प्राप्तिका लागि नीतिगत, संस्थागत तथा कार्यगत प्रयासहरु गरेको भएतापनि विभिन्न समस्या तथा चुनौतीका कारण निर्धारित समयमा लक्ष्य प्राप्तिमा कठिनाइ हुने देखिएको छ ।

**दीगो विकासको लक्ष्य प्राप्तिको लागि नेपालले गरेका प्रयासहरू**

- दगफो विकासका १७ मध्ये १६ वटा लक्ष्य तथा १६९ वटा परिणात्मक लक्ष्यमा राष्ट्रिय प्रतिवध्दता जनाएको ।
- सन् २०१५ मा प्रारम्भिक प्रतिवेदन तथा सम्भाव्यताको आकलन गरेको ।
- सन् १०१७ र १२०१९ मा स्वेच्छिक मुल्याङ्कन गरेको ।
- १४ औं योजनाले अन्तरिकीकरण र १५ औ योजनाले मुलप्रवाहिकरण गरेको ।
- प्रदेशको लागि ११९ परिणात्मक लक्ष्य निर्धारण गरिएको ।
- निर्देशक, समन्वय, र विषयगत समितीको ग७न गरि कृयाशिल रहेका ।
- दिगो विकासमैत्री बजेट कोण लागु गरिएको ।
- विध्यालय विश्वविध्यालयको पाठ्यक्रममा दिगो विकासका विषय समावेश गरीको ।
- शिक्षा ताथ सचेतनाको विस्तारमा जोड दिएको ।
- विभिन्न कानूनहरु जस्तै: वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ निर्माण तथा लगु गरिएको ।
- दीगो विकासको स्थानीयकरण स्रोत पुस्तिका २०७७ निर्माण गरिएको ।
- विषयगत र क्षेत्रगत नीति तथा योजनाहरु तर्जुमा हुने गरेको ।
- तहगत सरकारका वार्षिक कार्यक्रमहरु, रणनीतिहरु कार्यानयनमा रहेका ।

**समस्या तथा चुनौती**

- वार्षिक रु. ५ खर्व ८५ अर्व स्रोत अपुग रहुन ।
- एकीकृत खण्डिकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास नभएको ।
- प्रदेश तथा स्थानीय तहकै क्षमता विकास नभएको ।


- दिगो विकासको लक्ष्य प्रप्तिमा तहगत सरकार, निजि तथा गैरसरकारी क्षेत्रविचमा समन्वयकै अभाव देखिएको ।
- आम सर्वसाधारणमा शिक्षा तथा सचेतनाको विकास नभएको ।
- दिगो विकासको लक्ष्य प्रप्तिको अवस्था समिक्षा गर्ने सयन्त्रको अभाव रहेको ।
- नीतिगत अस्थिरता तथा शासनमा पारदर्शिताको अभाव रहेको ।
- दिगो विकासको लक्ष्यको प्राथमिकीकरण नगरिनु तथा सवहि अनुसार रणानीति तर्जुमा नगरिनु ।
- ++++++


**आगामि दिनमा चाल्नुपर्ने कदमहरु**

- दिगो विकासको लक्ष्य प्रप्तिको लागि आवश्यक तथा अपुग स्रोतको प्रवन्ध गर्ने ।
- दिगो विकासका लक्ष्यलाई प्रदेश तथा स्थानीय तहमा समेत आन्तरिकिकरण र मुल प्रवाहिकरण गर्ने ।
- सरकारका नीति तथा कार्यक्रमलाई दिगो विकासका लक्ष्य मैत्री बनाउने ।
- अन्तरसरकारी तथा अन्तरनिकाय सञ्चार तथा समन्वय कायम गर्ने ।
- हालसम्म प्राप्त भएका उपलब्धिको समिक्षा गरि सुधारका लागि आवश्यक कदम चाल्ने ।
- आवश्यक Database तथा SDGs Reporting System को विकास गर्ने ।
- सम्पूर्ण पात्रमा दीगो विकासको लक्ष्य प्रति साझा बुझाइको विकास तथा आत्मीकरण गर्ने ।
- ++++++

**निष्कर्ष,**

दीगो विकासको लक्ष्यले *People, planet, prosperity, peace and partnership(5P)* लाइ मूल मन्त्रका रुपमा लिएको छ । दिगो विकासको लक्ष्यहरुको उपलब्धीको समिक्षा गर्दै उल्लेखित रणनीतिको प्रभावकारी कार्यान्वयन गरेमा निर्धारित समयमा नै दिगो विकासको लक्ष्य प्रप्तिमा सहजता हुने देखिन्छ ।



**७. विकासमा सुचना तथा संचार प्रविधिको भूमिका उल्लेख गर्नुहोस् । विकास व्यवस्थापनमा राज्य राज्य वाहेकका क्षेत्रको भुमिकालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? छलफल गर्नुहोस् । (१०)**

**विषय प्रवेश**

सूचना तथा जानकारीहरुमा पहुँच सिर्जना गर्दै तिनीहरुको भण्डारण, प्रशारण तथा आवश्यकता अनुसार हेरफेर गर्न सक्ने संचारको एकिकृत प्रविधी सूचना तथा संचार प्रविधी हो । सन् १९८० को दशक पश्चात यो अवधारणाले व्यपाकता पाएको हो । नेपालमा सूचना तथा संचार प्रविभिको वद्दो प्रयागसँगै यसकालाई विकास व्यवस्थापनमा प्रयोग गर्न आवश्यक कदम चाल्नुपर्ने आवश्यक देखिएको छ ।

**विकासमा सुचना तथा संचार प्रविधिको भूमिका**

- विकास सम्बन्धी नीति निर्माण, योजना तर्जुमा एवं कार्यन्वयनका लागि भरपर्दो सूचना उपलव्ध गराउन,
- विकासमा नयाँ विधि, प्रविधि र उपायहरुको अवलम्बन गर्न, आधुनीकता भित्र्याउन।
- विकासका कृयाकलापलाई पारदर्शी एवं आवश्यकता अनुसार गोपनियता कायम गर्न,
- समय, श्रम र साधन स्रोतको वचत गर्दै विकास क्रियाकलाप सँचालन गर्न,
- आर्थिक पारदर्शिता, वित्तिय सुशासन र उत्तरदायित्वको माध्यमद्धारा संस्थागत सुशासन कायम गर्छ,
- विकास कार्यमा प्रभावकारिता, नतिजामा शिघ्रता कायम गर्न,
- अन्तर निकाय समन्वय तथा अन्तरआवद्धता कायम गर्न,
- विकासका क्रियाकलापहरुको प्रचार प्रसार गर्न,
- विकास व्यवस्थापनमा नागरिक सहभागिता अभिवृद्धि गर्न,
- प्राविधिक शिक्षा तथा चेतनाको विकास गर्ने,
- e-Governance द्वारा विकासमा सुशासन प्रवर्द्धन गर्न ।
- सन्तुलित र दिगो विकासमा सघाउ पुर्‍याउन,
- दुरदराजमा रहेका जनता र सरकारविच नेटवर्किङ्बाट सम्बन्ध कायम गर्न,
- नागरिक समाज, सचेतक वर्ग, गैर-नाफामूलक अन्य संघसंस्थाहरूलाई राष्ट्रिय विकासमा Sectoral reform गर्न
- Open Governance, Democratic Governance, Networking Governance को उपयोग गर्न ।

**विकास व्यवस्थापनमा राज्य राज्य वाहेकका क्षेत्रको भुमिकालाई प्रभावकारी बनाउने तरिका**

विकास प्रक्रियामा राज्य र राज्य बाहेकका क्षेत्रहरु (मूलतः निजी क्षेत्र, सामाजिक क्षेत्र र सामुदायिक क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन निम्न उपाय अवलम्वन गर्न सकिन्छ।

- भुमिकालाई प्रभावकारी बनाउने गरी आवश्यक नीति कानून तथा मापदण्ड निर्माण तथा कार्यान्वियन गर्ने ।
- विकासमा तहगत सरकार तथा सरकार वाहेकका पात्रको भूमिका सम्वन्धमा समन्वय तथा सहकार्य गर्न ।
- विकास प्रक्रियाको सहयात्री र साझेदारका रुपमा राज्य तथा राज्य वाहेकका क्षेत्रले भूमिका निर्वाह गर्ने ।
- विकासमा राज्य तथा गैर राज्यको स्रोत र साधनको उपयोग गर्ने । जस्तैः सार्वजनिक निजि साझेदारी ाज्य वहेकका पात्रको क्षमता विकास गर्ने ।
- सरकारले विकास प्रक्रियामा राज्यबाहेकका क्षेत्रको भूमिकालाई प्रोत्साहित र आकर्षित गर्ने ।
- अन्य पत्राले प्रचलित ऐन कानून तथा 😐झौता वमोजिम भूमिका निर्वाह गर्ने ।
- सहभागितात्मक विभि तथा पद्धत्ति अवलम्वन गर्ने ।
- प्राप्त प्रतिफलको न्यायाचित वितरण गर्ने ।
- विवाद समाधानका संयन्त्रको स्थापना गरि क्रियाशिल बनाउने ।

**निष्कर्ष**

विकास वहुआयामिक र गतिशिल विषय हो । सूचना र संचार प्रविधिको विकास र प्रयोगवाट विकासलाई आधुनिक वनाउन योगदान पुग्छ । विकास व्यवस्थापनमा राज्य र राज्य वहेकका क्षेत्रले आ-आफ्नो विशेषता र क्षमताका आधारमा सक्षमता देखाएमा दिगो विकासको अवधाणा लागु गर्नुपर्ने देखिन्छ ।

**८. विश्वव्यापीकरण भन्नाले के बुझिन्छ ? नेपाल जस्तो विकासोन्मुख मुलुकको आर्थिक विकासमा विश्वव्यापीकरणको भूमिका उल्लेख गर्दै नेपालले यसवाट लाभ लिन कस्ता कदम चाल्नुपर्ला विश्लेषणात्मक धारणा राख्नुहोस् । (२+४+४)**

**विश्वव्यापिकरण**

पुँजी, प्रविधी, सीप, जनशक्ति, वस्तु र सेवाको विश्वव्यापी रुपमा फैलने प्रक्रिया नै विश्वव्यापीकरण हो । मुलुकको अर्थतन्त्र विश्वको अर्थतन्त्र सँग आवद्ध हुने प्रक्रिया विश्वव्यापीकरण हो ।

- विश्वव्यापीकरणको प्रवृत्ति दोश्रो विश्वयुद्धपछि सुरु भई आर्थिक उदारीकरणको अवधारणाले यसलाई व्यापक बनाएको पाइन्छ ।
- विश्वव्यापीकरणलाई आर्थिक उदारीकरणले आधार प्रदान गर्यो भने सूचना सञ्चार प्रविधीले यसलाई मौलाउने अवसर दिएको हो ।
- विश्वव्यापीकरणका मुख्य विषय एवं क्षेत्रमाः पुंजी, प्रविधि, सीप, जनशक्ति (श्रमशक्ति), वस्तु सेवाहरु पर्दछन् ।

**विश्वव्यापिकरण र नेपाल**

नेपालले UNO को सदस्यता प्राप्त (सन् १९५५मा) गरेपश्चात विश्वव्यपीकरण आवद्ध भएको मानिन्छ । IMF वाट सहयोग लिई उद्योग, वाणिज्य, कर, कोटा प्रणलीमा सुधार गर्ने, WTO को सदस्यता लिने, BIMSTEC, SAFTA जस्ता क्षेत्रिय संस्थासँग आवद्ध हुने लगायतका प्रयार गरेको पान्छि । नेपाल जस्तो विकासोन्मुख मुलुकको आर्थिक विकासमा विश्वव्यापीकरणले निर्वाह गर्ने भूमिकावारे सकरात्मक र नकरात्मक तरिकाले विश्लेषण हुने गरेको छ । जुन निम्नानुसार रहेको छ ।

**क) सकारात्मक भूमिका**

- राष्ट्रिय अर्थतन्त्र अन्तराष्ट्रिय अर्थतन्त्रसँग आवद्ध भएको छ।
- शिक्षा, स्वास्थ्य, पर्यटन, जलस्रोत लगायतका क्षेत्रमा निजी तथा वैदेशिक लगानीमा वृद्धि भएको ।
- वाणिज्य वैंक तथा वित्तीयसंस्थाको स्थापना एवम् पुंजीबजारको विकास भएको
- सार्वजनिक संस्थानहरु निजीकरण भएका ।
- वैदेशिक लगानीका उद्योगहरुको स्थापना र विस्तार भएको ।
- वैदेशिक रोजगारको प्रवर्द्धनमा सहयोग पुगेको
- विप्रेषण वृद्धि भई भुक्तानी सन्तुलन कायम भएको ।
- सामाजिक परिसुचकमा सकरात्मक प्रभाव परेको । जस्तै ? मानव विकास सूचकांकमा सुधार भएको ।

**ख) नकारात्मक भूमिका**

- क्षेत्रीय तथा अन्तराष्ट्रिय संघ संगठनले प्रभाव पार्दा सार्वभौम अधिकार सीमित हुने जोखिम बढेको ।
- स्वदेशी साना उद्योगधन्दाहरु बन्द हुने स्थितिमा पुगेका ।
- अस्वस्थ प्रतिस्पर्धाले स्थानीय तथा घरेलु प्रविधी लोप हुने स्थितीमा रहेका ।
- उपभोगवादी संस्कृत्ति मौलाउदै गएको ।
- विकसित देशका विकास नीतिहरुको हुवहु नक्कल गर्ने प्रवृति वढेको ।
- मौलिक मुल्य, मान्यता र संस्कृतिमा ह्रास हुँदै जाने अवस्था र्सजना भएको ।


**चुनौतीहरुको सामनाका उपायहरु**

- तुलनात्मक र प्रतिस्प्रधि लाभाका क्षेत्र पहिचान गरि उत्पादन र निर्यात वढाउने ।
- प्रभावकारी आर्थिक कुटनीति मार्फत द्धिपक्षीय तथा वहुपक्षीय लगानी एवं व्यापार अभिवृद्धि गर्ने
- WTO, SAFTA, BIMSTEC, जस्ता क्षेत्रीय तथा अन्तराष्ट्रिय संगठनहरुमा प्रभावकारी भूमिका निर्वाह गर्ने,
- निजी क्षेत्रको प्रतिस्प्रधात्मक क्षमता अभिवृद्धि गर्ने ।

- खुला सिमानामा हुने अवैध व्यापारलाई नियन्त्रण गर्ने ।
- अनौपचारिक अर्थतन्त्रलाई क्रमस औपचारिक बनाउनदै लैजाने ।
- सरकारको नियमनकारी भूमिकालाई सदृड तुल्याउने ।
- स्वदेशी उद्योगधन्दाहरुको प्रतिस्पर्धात्मक क्षमता वढाउने, लागत घटाउने तथा गुणस्तरमा वृद्धि गर्ने,
- वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान, सीप र पुँजीलाई उत्पादन र विकासमा लगानी गर्ने वातावरण वनाउने ।
- निर्यात गरिने व्यापारिकवस्तु वा सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिने,
- सबै प्रकारका Syndicate र Cartelling को अन्त्य गर्ने ।

**अन्त्यमा,**

विश्वव्यापीकरण दिगो र द्रुत विकासको मापक हो । देशको आर्थिक सामाजिक, साँस्कृतिक र राजनैतिक विकासमा सकारात्मक योगदान दिने गरी विश्वव्यापीकरणको अवसरलाई उपभोग गर्नुपर्दछ । यसमा राष्ट्र समावेश हुने वा नहुने विषय हैन, राष्ट्को आन्तरिक क्षमतामा वृद्धि गरि नकारात्मक असर कम गर्दै अधिकतम फाइदा लिनु आजको आवश्यकता हो ।



**९. विपद् व्यवस्थापनको अर्थ बताउदै नेपालमा विपद् व्यवस्थापनका लागि गरिएका व्यवस्थाहरु र यस सम्बन्धमा देखिएका समस्याहरु उल्लेख गर्नुहोस् । (१०)**

**विपद् व्यवस्थापन**

प्राकृतिक वा मानवीय रुपमा हुने विपद घट्न नदिने, घटनाबाट हुनसक्ने क्षतीको रोकथाम वा कम गर्ने, घटना घटिसकेपछि उद्दार गर्नुका साथै पिडित जनजीवनको पूनर्वास, पूर्नस्थापना, विकास सम्मका सबै कार्यको व्यवस्थापन नै विपद् व्यवस्थापना हो ।

- विपदको पूर्वानुमान तथा पहिचान गर्ने नीति योजना कार्यक्रम प्रविधि र विवेकको सही प्रयोगवाट विपद आउनै नदिने र आएमा त्यसको क्षति कम गर्ने व्यवस्थापकीय कार्य विपद व्यवस्थापन हो ।
- यस अन्तर्गत विपद पूर्व, विपदको समयमा तथा विपद पश्चात गरिने कार्यहरु पर्दछन्। यो निम्न चक्रमा हुन्छ ।




**विपद् व्यवस्थापनका सम्बन्धमा भएका व्यवस्था**

**क) नीतिगत व्यवस्था**

- नेपालको सविधानमा
  - ➤ राज्यका नीति अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने व्यवस्था रहेको
  - ➤ धारा १२४ मा संघीय आकस्मिक कोषको व्यवस्था रहेको साथै नेपाल सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च सक्ने उल्लेख,
  - ➤ अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद व्यवस्थापनलाई समावेस गरिएको ।
- चालु योजना तथा मा बजेटमा जोखिम कम गर्ने, विपद पश्चात पुनर्स्थापना सम्बन्धमा रणनीति तथा कार्यनीतिहरु रहेको ।
- सेण्डाइ कार्यढांचा, दिगो विकासका लक्ष्यहरु, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता लगायतको पक्ष राष्ट्र बनेको ।
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- भवन निर्माण मापदण्ड, २०७२
- वातावरण संरक्षण ऐन, २०७६
- वातावरण संरक्षण नीति, २०७६
- राष्ट्रीय जलवायु परिवर्तन नीति, २०७६ ।
- दिगो विकासको लक्ष्य प्राप्तिमा प्रतिवद्धता व्यक्त गरेको ।

**ख) संस्थागत**

- व्यवस्थापिका संसद, र संसदीय समितिहरु
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद,
- राष्ट्रिय विपद व्यवस्थापन प्राधिकरण
- केन्द्रिय, प्रादेशिक, जिल्लास्तरीय तथा स्थानीय विपद व्यवस्थापन समितिहरु
- गृहमन्त्राल तथा अन्य विषयगत मन्त्रालयहरु
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल लगायतका सुरक्षा निकायहरुमा एकाई गठन

**ग) कार्यगत व्यवस्थाहरु**

- एकीकृत अवास विकासका कार्यक्रमहरु
- सुरक्षित स्थानमा बस्ती विकासका कार्यक्रमहरु
- SAARC Disaster Knowledge Network
- विपद व्यवस्था सम्बन्धी क्षेत्रीय गोष्ठीहरुको आयोजना
- काठमाडौंका विभिन्न ८३ स्थानलाई खुला क्षेत्र घोषणा गरिएको ।

**विपद व्यवस्थापन सम्बन्धमा देखिएका समस्याहरु**

- विपदलाई दैवी प्रकोपको रुपमा वुझाइ रहनु ।
- संघीयतामा तहगत सरकारको जिम्मेवारी तथा सरोकारवालको भूमिका स्पस्ट नहुनु । Ie: Whole of the government Approach लागु नुहनु ।
- विपदको समयमा स्थायी संरचना बेवास्ता गर्दै अस्थायी संरचनाबाट समाधान खोजिनु । जस्तै : कोभिडको समयमा CCMC
- विकासका क्रियाकलाप विपद संवेदनशिल नबनाइनु ।
- विपद व्यवस्थापन चक्रमा रणनीतिक रुपले पहल नगर्नु । जस्तै विपद पूर्व, विपदको समयमा र विपद पश्चातका कार्यहरु प्रभावकारी नहुनु ।
- अन्तराष्ट्रिय साझेदारीको कमी देखिनु जस्तै : कोभिडको समयमा ।
- नेपाल विपदका हिसाबमा उच्च जोखिममा रहनु तथा कमजोर पूर्वधार निर्माण गरिनु ।
- Weak Disaster Governance, कमजोर Build back Better, weak disaster budget code ।
- ++++++++++

**निष्कर्ष**

विपद आउनै नदिने आइहालेमा पनि क्षति कम गर्दै विकास गर्ने व्यवस्थापकीय कार्य विपद व्यवस्स्थापन हो । नेपालमा विपद व्यवथापनलाई उच्च प्राथमिकततामा राखेर संवैधानिक, कानूनी, नीतिगत, संस्थागत एवं कार्यक्रमगत व्यवस्थाहरु गरिएको छ । तीनै तहका सरकार तथा सरकार बाहेकका अन्य क्षेत्र समेतको सहकार्यमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यन्वयन भएमा विपद उत्थानशिल समाज तथा राष्ट्रको निर्माण हुने देखिन्छ ।

**१०. जलवायु परिवर्तनको क्षेत्रमा कोप-२८ का उपलब्धिहरु उल्लेख गर्दै नेपालले कार्वन उत्सर्जन कम गर्न र जलवायु अनुकूलनका लागि अपनाउन सक्ने उपायहरुको चर्चा गर्नुहोस्। (१०)**

**विषय प्रवेश**

United Nations framework convention on climate change अन्तर्गतको हरेक वर्ष आयोजना हुने सम्मेलनको पछिल्लो श्रृंखला कोप-२८ हो। COP को पुरा रुप Conference of the Parties हुन्छ। यो **दुबईमा** भएको थियो। यसमा १९९ देशहरुको सहभागिता रहेको थियो। विश्वका Leades ले How to tackle climate change भन्ने सम्बन्धमा गहन छलफल गरेका थिए।

**जलवायु परिवर्तनको क्षेत्रमा कोप २८ का उपलब्धिहरु**

- वैश्विक अर्थतन्त्रलाई जीवाश्म इन्धन प्रणालीबाट अलग बनाउँदै लैजाने
- जलवायु हानि नोक्सानी (लस एन्ड डेमेज) कोष स्थापना गर्ने
- सन् २०३० भित्रै नवीकरणीय ऊर्जा उत्पादन क्षमता (जस्तोः वायु ऊर्जा, सौर्य ऊर्जा, ग्रिन हाइड्रोजन वा जलविद्युत) लाई तेब्बर बनाउने र ऊर्जा किफायती दर दोब्बर बनाउने निर्णय भएको।
- पेरिस सहमतिपत्र र तापमान स्थिरीकरण लक्ष्य १.५ डिग्रीलाई पच्छाउने
- हरित वित्तीय प्रणालीलाई बढवा दिने कोप -२९ को सम्मेलन अजरबैजानको बाकुमा हुने तय भएको छ।

**नेपालले अपनाउन सक्ने उपायहरु**

जलवायु परिवर्तन र विश्वव्यापी तापमान वृध्दिमा नेपालको भुमिका कम भएतापनि दुइ ठूला उत्सर्जकहरुको बीचमा रहेकोले अरुकै कारणले जोखिमपूर्ण स्थितिमा छ। नेपालले कार्वन उत्सर्जन कम गर्ने र जलवायु अनुकूलनका लागि अपनाउन सक्ने उपायहरु निम्नानुसार रहेका छन्।

**क) कार्वन उत्सर्जन कम गर्ने उपायहरु**

- हरितगृह ग्याँसका उत्सर्जन कम गर्न कोइला, दाउरा, पेट्रोलियम पदार्थको कम गर्ने।
- जलविद्युत, सौर्य उर्जा जस्ता नविकरणीय स्रोतको प्रयोग गर्ने।
- आणविक उत्पादन, कार्वन उत्सर्जन कम गर्न गराउन वाध्यात्मक व्यवस्था लागू गर्ने,
- वनजङ्गल र हरित क्षेत्रको क्षेत्रफल बढाउने,
- अन्तराष्ट्रिय लविङ्कालागि क्षमता सुदृढीकरण गर्दै वातावरण कुटनीतिमा जोड दिने।
- शासनका सबै पात्रहरुबीच साझा बुझाइ र साझा कार्यक्रमहरु तर्जुमा गर्ने
- वातावरणमैत्री विकासमा राष्ट्रिय संवेदनशीलताको अभिवृध्दि गर्ने

**ख) जलवायु अनुकूलनका उपाहरु**

- जलस्रोतको संरक्षण, पानीको पुनः प्रयोग, वर्षाको पानी प्रयोग तथा भूमिगत पानी Recharge गर्ने।
- रोग प्रतिरोधी बाली तथा उन्नत जातका पशुपालन तथा मिश्रित खेती प्रणाली अपनाउने, गर्ने।
- मानव स्वास्थ्यमा पर्ने असरबाट जोगिन खानपान र सरसफाईमा जोड दिने।
- जलवायु मैत्री परम्परागत प्रविधि, ज्ञान र सीपलाई पहिचान गरी प्रयोग गर्ने
- वृक्षारोपण गर्दै वनजङ्गल संरक्षण गर्ने।
- आम सर्वसाधारणमा शिक्षा तथा सचेतना बढाउने,
- अनुसन्धान र विकासकम लगानी गर्ने।

**निष्कर्ष**

मौसमको औषत अवस्थामा आउने फेरबदल जलवायु परिवर्तन हो। जलवायु परिवर्तनको क्षेत्रमा कोप २८ मा जलवायु न्यनकिरण, अनुककुलनका सम्बन्धमा विश्वका Leades ले साझा प्रतिवद्धता गरेको छन्। नेपालले कार्वन उत्सर्जन कम गर्न

र जलवायु अनुकूलनका लागि नीतिको प्रभावकारीता, नीतिको स्थानीयकरण, क्षमता विकास तथा वातावरण कुटनीतिको प्रभावकारी परिचालन मार्फत हिमाल र पर्वतीय मुद्दा, लैङ्गिक, युवा, वालवालिका लगायतको समावेशीता, पर्वतीय प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि, जलवायु सशक्तिकरणमा जोड दिनुपर्ने देखिन्छ।







**सफलताको शुभकामना**